मिति २०७४।८।६

## सन्दकपुर घोषणा-पत्र

फालेलुङ, सन्दकपुर, माइजोगमाई, सिदिङ्वा र याङवारक गाउँ-पालिकाको उच्च पहाडी तथा पर्यटकिय सम्भावना भएका क्षेत्रहरूको एकिकृत रूपमा पर्यटन विकास गर्नका लागी देहाय बमोजिमको कार्ययोजना तय गरी सन्दकपुर घोषणा पत्र जारी गरियो-

१) अन्तर स्थानीय तह समन्वय समिति गठन : घोषणा पत्रमा उल्लेखित कार्ययोजना कार्यान्वयनका लागी देहाय बमोजिमको समन्वय समिति गठन गरियो :

क) संयोजक : फालेलुङ गाउँपालिका अध्यक्ष

ख) सदस्यहरु : सन्दकपुर, माइजोगमाई, सिदिङ्वा तथा तथा याङवारक गाउँपालिकाका अध्यक्षज्यूहरु,

ग) सदस्यहरु : उल्लेखित पाँचवटै गाउँपालिकाका उपाध्यक्षज्यू तथा प्रमुख प्रशासकिय ~~ज्यू~~ अधिकृत ज्यूहरु ।

~~घ) स~~: उल्लेखित समितिका सदस्य सचिव फालेलुङ गाउँ ~~पालिकाको प्रमुख प्रशासकिय अधिकृत रहनेछन~~ ।

· उल्लेखित समितिमा संघिय सांसद माननिय श्री बसन्त कुमार नेम्वाङ संरक्षक रहनु हुनेछ ।

इलाम, पाँचथर तथा ताप्लेजुङ जिल्लाका प्रदेश सभा सदस्य तथा जिल्ला समन्वय समितिका प्रमुख सल्लाहकार रहनेछन ।

२) अन्तर स्थानीय ~~सम~~ तह समन्वय समितिले देहायका विषयमा निर्णय गर्नेछ :

क) कन्चनजंघा बेस क्याम्प पदमार्ग निर्माण तथा निर्माण स्तरोन्नतिकरण सम्बन्धमा ।

ख) खानेपानी, मोटरबाटो तथा विद्युत विस्तार लगायतका सुविधा निर्माण सम्बन्धी ।

ग) चौरी संस्कृतिको उचित व्यवस्थापन सम्बन्धमा ।

घ) पर्यटकिय आवास, होमस्टे संचालनका लागी क्षेत्र पहिचान गर्दै मौलिक संस्कृति र मौलिक उत्पादनको प्रवर्द्धन सम्बन्धमा ।

ङ) प्रदेश तथा संघिय सरकार संग यस क्षेत्रको विकास सम्बन्धमा आवश्यक समन्वय सम्बन्धमा ।

च) रेड पाण्डा, जडिबुटी, पानीको मुहान, जलश्रोत तथा वातावरण संरक्षण सम्बन्धमा ।

छ) धार्मिक क्षेत्र पहिचान गरी धार्मिक तथा सांस्कृतिक पर्यटन विकास सम्बन्धमा ।

ज) तुम्लिङ, सन्दकपुर तथा चारसाते फालोट क्षेत्रमा सञ्चार विस्तारको लागी नेपाल टेलिकमको टावर स्थापना सम्बन्धमा ।

झ) सिमा सुरक्षाका लागी Border Out Post (BOP) निर्माण तथा निर्माण सबलीकरण सम्बन्धमा ।

३) उल्लेखित कार्यविवरण अनुरुप आवश्यक छलफल गरी दिर्घकालिन रणनीति तय गर्न समन्वय समितिको बैठक २०७५।८।१ गते सन्दकपुर गाउँपालिकाको केन्द्रमा बस्ने निर्णय गरियो ।

मिति २०७५।८।६ गते बजे १ समाप्त ।